म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- १०७ २०८० फागुन २३ गते बुधबार 6 March 2024, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-




# जनप्रिय, चन्द्रोदय र बालजागृति बालमैत्री विद्यालय घोषणा



*बालमैत्री विद्यालय घोषणाअन्तर्गत प्रतिवद्धता जनाउँदै हस्ताक्षर गर्नुहुँदै नगरप्रमुख मीना कुमारी लामा ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरका तीन वटा विद्यालयलाई मंगलबार बालमैत्री विद्यालय घोषणा गरिएको छ। विद्यालयले छुट्टाछुट्टै आयोजना गरेको कार्यक्रममा नगर प्रमुख मीना कुमारी लामाले बालमैत्री घोषणा गर्नुभयो । बालमैत्री घोषणासँगै प्रतिवद्धता व्यक्त गर्दै व्यानरमा हस्ताक्षर समेत गरिएको छ । घोषणा सभा अघि तीनवटै विद्यालयले र्‍यालीको आयोजना गरेको थियो ।

जनप्रिय माविमा भएको कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगरप्रमुख लामाले मानव विकासको जग नै बालविकास भएको बताउनुभयो । बालबालिकाको चौतर्फी विकास नभए समाज र देशको विकास हुन नसक्ने उहाँको भनाई छ । छिटै हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री पालिका घोषणा गर्ने क्रममा रहेको बताउनुहुँदै उहाँले अब अन्य विद्यालयहरुले पनि घोषणा गर्न लाग्नुपर्ने बताउनुभयो ।

विद्यालय प्रधानाध्यापक भुपेन्द्र चौलागाईंले जनप्रिय बाल समुहले सञ्चालन गरेका शैक्षिक गतिविधिहरुको प्रतिवेदन प्रस्तुत गर्नुभयो । उहाँले विद्यालयमा बाल समूहलाई प्रभावकारी र व्यवस्थित बनाउन शैक्षिक गतिविधिसँग जोडिँदै कार्यहरु गर्दै आइरहेको बताउनुभयो । यसका लागि विद्यालयमा बाल समूहको गठन र वडा तहमा बाल समूह सञ्जाल निर्माण गरेको उहाँले बताउनुभयो। यसले विद्यार्थीमा बाल अधिकार, संविधानका निर्देशित हक अधिकारका बारेमा सुसूचित हुने अवसर पाएको उहाँले बताउनुभयो । विद्यालयले बालविवाह अन्त्यका लागि सचेतना र जनजागरणमूलक र्‍याली, भित्ते लेखन र प्रविधिमैत्री बाल कक्षाको पनि व्यवस्था गरेको उहाँले बताउनुभयो। बाल समूहकी अध्यक्ष सृष्टि अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, हेटौंडा-१६ का वडाध्यक्ष रामकृष्ण कोइराला र राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख कृष्ण घिमिरे लगायतको आतिथ्य रहेको थियो ।

हेटौंडा-८, कमानेस्थित चन्द्रोदय माविलाई बालमैत्री विद्यालय घोषणा गरिएको छ। मंगलबार हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामाले चन्द्रोदय माविलाई बालमैत्री विद्यालय घोषणा गर्नुभएको छ। बालमैत्री विद्यालय घोषणा कार्यक्रममा विद्यालयले सहयोगीलाई सम्मान गरेको छ । बालमैत्री विद्यालय घोषणा कार्यक्रममा विद्यार्थीले नृत्य कला प्रस्तुत गरेका थिए । प्रधानाध्यापक जीधराज ढकालले विद्यालयले बालमैत्री विद्यालय घोषणाका लागि विभिन्न सूचक पूरा गरेर नगरपालिकाबाट अनुमति प्राप्त गर्न सफल भएको बताउनुभयो । उहाँले विद्यालयले बालमैत्री भौतिक संरचना, वातावरण र आचारसंहिता पूरा गरेको बताउनुभयो । उहाँले विद्यालयले अतिरिक्त क्रियाकलापहरुलाई थप व्यवस्थित गरेर लैजाने बताउनुभयो ।

उहाँले विद्यालयले विद्यालय व्यवस्थापन समितीमा एक-एक जना छात्रा र छात्र विद्यार्थी अनिवार्य सहभागी गराउन सुरु गरेको बताउनुभयो । यसले विद्यार्थीको सर्वाङ्गीण विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने उहाँले बताउनुभयो । विद्यालय व्यस्थापन समितिका अध्यक्ष ईवाकर मैनालीको सभाध्यक्षतामा भएको कार्यक्रममा नगर उपप्रमुख राजेश बानियाँ, वडाध्यक्ष रामकृष्ण थापा, विद्यालयकी बाल समूहकी अध्यक्ष सुप्रिया मोक्तानको पनि उपस्थिति रहेको थियो ।

यस्तै बालजागृति इंग्लिस सेकेण्डरी स्कूलका प्रिन्सिपल विनोद सुवेदीले बालमैत्री घोषणाका लागि स्कुलले विभिन्न सुचकहरु पुरा गरेको बताउनुभयो। स्कुलले बालमैत्री आचारसंहिता, बाल विवाह सम्बन्धी चेतनामुलक कार्यक्रम, सेनेटरी प्याडको व्यवस्था, बालविकास केन्द्र र दैनिक खाजा तालिका, बालमैत्री आचार संहिताबारे छलफल, विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरेको हरेक शुक्रबारको अभिलेख र बाल समुहको नियमित बैठक बसेको बताउनुभयो। स्कुल सञ्चालन समितीका अध्यक्ष दिनेश प्रसाद भण्डारीको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-२ का वडाध्यक्ष विष्णुगोपाल महर्जनको आतिथ्य रहेको थियो ।

# संघीय सरकारमा गठबन्धन फेरिँदा बागमती प्रदेशमा तरंग

समाज संवाददाता

हेटौंडाः संघीय सरकारमा सहभागी गठबन्धन फेरबदल हुँदा बागमती प्रदेशमा तरंग उत्पन्न भएको छ। सोमबार नेपाली कांग्रेस-माओवादीसहितका दलको गठबन्धनलाई तोडेर प्रधानमन्त्री पुष्पकमल दाहालले एमाले, राष्ट्रिय स्वतन्त्र पार्टीसहितको नयाँ गठबन्धन बनाउनुभएकाले प्रदेशमा तरंग उत्पन्न भएको हो ।

केन्द्रमा सत्ता गठबन्धन टुटेसँगै बागमती प्रदेशमा नयाँ सरकार निर्माणका लागि सत्ता समीकरणको चर्चा हुन थालेको छ । बागमतीमा हाल माओवादी केन्द्रका शालिकराम जम्कट्टेलले सरकारको नेतृत्व गरिरहनभएको छ ।

केन्द्रको गठबन्धनअनुसार बागमती प्रदेशमा नयाँ गठबन्धनलाई सरकार गठनका लागि सहज नहुने देखिएको छ । ११० प्रदेशसभा सदस्य रहेको बागमती प्रदेशमा सरकार गठनका लागि ५६ जना प्रदेशसभा सदस्य आवश्यक हुन्छ। केन्द्रमा गठबन्धन गरेका एमाले र माओवादी केन्द्रको यस प्रदेशमा ४८ जना प्रदेशसभा सदस्य छन्, जसले सरकार निर्माण गर्न आवश्यक बहुमत पुग्दैन । यस प्रदेशमा आफ्नो नेतृत्वमा सरकार गठन गर्न कांग्रेसलाई १९, एमालेलाई २९, माओवादी केन्द्रलाई ३५ र राप्रपालाई ४३ जना प्रदेशसभा सदस्यको समर्थन जुटाउनुपर्ने हुन्छ ।

बागमती प्रदेशमा केन्द्रको वर्तमान गठबन्धनले तरंग नै सिर्जना गरेको छ । केन्द्रमा कांग्रेसले आफ्ना मन्त्री फिर्ता बोलाएसँगै बागमतीमा पनि समीकरणले चर्चा पाएको हो । केन्द्रको वर्तमान गठबन्धनले बागमती प्रदेशमा महुमत नभएपछि प्रदेशको मन्त्रिमण्डल अथावत नै रहेको छ ।

वर्तमान गठबन्धनलाई राप्रपाले साथ दिएमा मात्र बागमतीमा सरकार बन्नेछ, तर राष्ट्रिय प्रजातन्त्र पार्टीले अहिलेसम्म अब सत्ताको खेलमा नलाग्ने भन्दै अझै कुनै निर्णय गरेको छैन। जम्कट्टेल नेतृत्वको सरकारको निरन्तरता दिन अहिलेको गठबन्धनलाई निरन्तरता दिनेसहितका तीन वटा विकल्प छन् । कांग्रेसलाई हटाएर एमाले र राप्रपासहितको सरकार बनाउने वा एमाले, नेकपा एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको साथ लिने भन्ने रहेको छ ।

यता कांग्रेस, राप्रपा र एकीकृत समाजवादी मिल्दा बागमती प्रदेशमा केन्द्रको सत्ता समीकरणभन्दा फरक समीकरण बन्ने सम्भावना पनि रहेको छ । प्रदेशसभामा सबैभन्दा ठूलो दल कांग्रेसको ३७, एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीको २ जना प्रदेशसभा सदस्य गरी ५६ जना प्रदेशसभा सदस्य जुट्नेछ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले केन्द्रीय समीकरणअनुसार सरकार फेरबदलबारे तत्काल यसै भन्न सक्ने अवस्था नरहेको बताउनुभएको छ । केन्द्रीय निर्णय प्राप्त नभएकाले अहिले नै केही भन्न नसकिने बताउँदै मुख्यमन्त्री जम्कट्टेलले नयाँ समीकरणको निर्णय र निर्देशन प्राप्त भएपछि सरकारको विषयमा ठोस निर्णय हुने जानकारी गराउनुभयो ।

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका उपनेता रामकृष्ण चित्रकारले सत्ता समीकरणका विषयमा अहिले नै ठोस निष्कर्ष दिन उचित नभएको बताउनुभयो । राजनीतिमा सम्भावना र विकल्प धेरै रहेकाले अहिले नै केही भन्न सक्ने अवस्था नरहेको उहाँको भनाइ छ। यस्तै, एकीकृत समाजवादी भने केन्द्रीय समीकरणअनुसार प्रदेश सरकारको समीकरण निर्माण गर्नुपर्ने पक्षमा छ ।

नेकपा एमाले बागमती प्रदेश संसदीय दलका प्रमुख सचेतक मधुसूदन पौडेलले प्रदेश सरकार परिवर्तनको सम्भावना प्रबल रहेको बताउनुभयो । केन्द्रकै समीकरणअनुसार प्रदेश सरकार बनाउने सम्भावना रहे पनि संख्यात्मक विषय निर्णायक हुने उहाँको भनाइ छ । राप्रपा बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले सरकार परिवर्तनमा आफूहरूलाई खासै चासो नरहेको बताउँदै विगतमा हतारमा निर्णय गर्दा २ महिनामै सरकार ढलेको बताउँदै उहाँले केन्द्रको सरकार परिवर्तन र प्रदेशको समीकरणका विषयमा आफूहरूले कुनै योजना नबनाएको जानकारी दिनुभयो ।

# फागुन २८ गतेदेखि मतदाता नामावली प्रकाशन गरिने

समाज संवाददाता

हेटौंडाः निर्वाचन आयोग बागमती प्रदेश कार्यालयले मकवानपुरमा मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन गर्ने भएको छ। मंगलबार जिल्ला प्रशासन कार्यालय मकवानपुरको सभाहलमा भएको कार्यक्रममा प्रदेश निर्वाचन कार्यालयका प्रमुख ताराप्रसाद रेग्मीले फागुन २८ गते आयोगको वेबसाइटमा मातदाता नामावली प्रकाश गरिने बताउनुभयो ।

रेग्मीले फागुन २८ गतेदेखि चैत्र २२ गतेसम्म जिल्लाभित्रका सबै पालिकाका वडा कार्यालयमा कार्यक्रम सञ्चालन गरिने जानकारी दिनुभयो । कार्यक्रममा मुख्य भूमिका निर्वाचन कार्यालय र स्थानीय तहअन्तर्गत् वडा कार्यालयको रहनेछ ।

फागुन २८ गते मतदाता नामावली प्रकाशन, २९ गतेदेखि चैत्र ५ गतेसम्म अनलाइन, निर्वाचन कार्यालय वा वडा कार्यालयमा त्रुटी सच्याउन निवेदन दिने, मतदाता नामावलीमा कसैले झुटा विवरण दिई नामावलीमा नाम समावेश गरेको भएमा सोको विरोधमा उजुरी दिन सकिनेछ। २९ गतेदेखि चैत्र ५ गतेसम्म नै कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने र मृत्यु भएको वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनका लागि सूचना दिन आयोगले अनुरोध गरेको छ ।

सोही अवधिमा वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाइँसरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना तथा निवेदन प्राप्त नभएता पनि कुनै मतदाता बसाइँसरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने कार्यतालिका रहेको छ । चैत्र ६ गतेदेखि ८ गतेसम्म निर्वाचन कार्यालयमा उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिइने भएको छ । यस्तै, चैत्र ९ गतेदेखि १२ गतेसम्म निर्वाचन कार्यालयमा मतदाता नामावलीबाट नाम हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नामदर्ता अधिकारीले त्रुटी सच्याउने र नाम हटाउनेलगायत कानुनबमोजिम निर्णय गरिनेछ ।

चैत्र १२ गतेदेखि १५ गतेसम्म निर्वाचन कार्यालय र वडा कार्यालयमा नाम हटाइएको सूचना प्रकाशन गर्ने र फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउन सकिनेछ। यस्तै, चैत्र २२ गते अन्तिम मतदाता नामावली प्रकाशन गरिने रेग्मीले बताउनुभयो । अद्यावधिकको लागि नयाँ नाम दर्ता नहुने तर सच्चाउने काममात्र हुने रेग्मीले बताउनुभयो। आयोगले फागुन १३ गतेदेखि नयाँ नाम दर्ताको काम बन्द गरेका छ । कार्यक्रममा जिल्ला प्रशासन कार्यालयका प्रमुख सूर्यप्रसाद सेढाई र मकवानपुर जिल्लाका प्रहरी उपरीक्षक सीताराम रिजालको उपस्थिति रहेको थियो ।

# एमाले संसदीय दलको प्रमुख सचेतकमा महेश बर्तौला चयन



समाज संवाददाता

हेटौंडाः नेकपा एमाले संसदीय दलको प्रमुख सचेतकमा महेशकुमार बर्तौला चयन हुनुभएको छ । वर्तमान प्रमुख सचेतक पदम गिरी सोमबार बिना विभागीय मन्त्री नियुक्त हुनुभएपछि बर्तौलाले प्रमुख सचेतकको जिम्मेवारी पाउनुभएको हो ।

प्रमुख सचेतक बर्तौला मकवानपुर क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभामा निर्वाचित सांसद हुनुहुन्छ। संसदमा प्रवेश गरेको पहिलो पटकमै दलको महत्वपूर्ण सचेतकको जिम्मेवारी पाउनुभएका बर्तौलाले अहिले प्रमुख सचेतकको भुमिका निर्वाह गर्ने अवसर पाउनुभएको हो । बर्तौला गत वर्षको फागुनमा दलको सचेतक बन्नुभएको थियो। बर्तौलाले छोटो समयमा संसदमा महत्वपूर्ण विषयमा कुरा उठान गर्दै आफूलाई सावित समेत गरिसक्नुभएको छ ।

मुख्य सचेतक बर्तौलाले पार्टीले युवाहरुलाई जिम्मा दिँदा काम गर्न सकिन्छ भन्ने ठानेर आफूलाई यो जिम्मेवारी दिइएको बताउनुभयो । अरु सिनियर नेता अयोग्य नभएर युवाहरुलाई अगाडि बढाउँदा उपयुक्त हुन्छ भन्ने ठानेर पार्टीले जिम्मेवारी दिएको उहाँले बताउनुभयो । उहाँले देशको नेतृत्व गरिरहेका पार्टीको प्रमुख सचेतकको नाताले संसदीय मूल्यमान्यतालाई निरन्तर राख्नका लागि संसदमा भुमिका खेल्ने बताउनुभयो। आम रुपमा पार्टीको दृष्टिकोणहरु संसदमार्फत् जनताका बीचमा लैजाने र सरकारलाई संसदप्रति जवाफदेही बनाउनका लागि पनि आफूले भूमिका निर्वाह गर्ने उहाँको भनाई छ ।

मकवानपुरका जनताले भरोसा गरेर राष्ट्रिय राजनीतिमा एउटा सांसदमात्र नभएर नेता बनोस् भन्ने चाहनाले अप्ठारो परिस्थितिमा आफूलाई सांसद बनाएको उहाँ सम्झिनुहुन्छ । २०७९ सालमा गठबन्धनका उम्मेदवारलाई पराजित गर्दै उहाँ पहिलो प्रयासमै सांसदमा विजयी हुनुभयो । भीमफेदी-९ निवासी ४१ वर्षीय सांसद बर्तौला २०५३ सालमा कक्षा ७ मा अध्ययन गर्दै गर्दा तत्कालीन नामटार गाविसस्थित कालिका माविमा अनेरास्ववियु प्रारम्भिक कमिटीको अध्यक्ष बन्दै विद्यार्थी राजनीति सुरु गर्नुभएको थियो।

२०५६ मा अनेरास्ववियु जिल्ला कमिटी मकवानपुरको सदस्य हुँदै सचिवालय सदस्य, २०५८ मा जिल्ला कमिटी सचिव, २०६० र २०६२ मा मकवानपुरको जिल्ला अध्यक्ष बन्नुभएको थियो । उहाँ २०६० मा मकवानपुर बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको सदस्य हुनुभयो । २०६२ र २०६५ मा गरी दुई पटक मकवानपुर बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको सभापति निर्वाचित हुनुभयो । २०६६ सालमा स्ववियुहरुको राष्ट्रिय संगठन स्ववियु काउन्सिलको सभापति बन्नुभयो । २०६३ मा नै नेकपा एमाले मकवानपुरको कान्छो जिल्ला कमिटी सदस्य बन्नुभएका उहाँ २०७७ सालमा विद्यार्थी राजनितीबाट विदा हुनुभयो । त्यसपछि उहाँ पार्टी बागमती प्रदेशका उपसचिव बन्नुभएको थियो ।





अनुशन्स श्रेष्ठ
नबोदय शिशु सदन, कक्षा -२

## चित्रकला





समृद्धि श्रेष्ठ
कक्षा-२, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४





सुयोग श्रेष्ठ
कक्षाः- ४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४





सृष्टी श्रेष्ठ
एलकेजी, लिटिल बड्डी प्रि-स्कुल, हेटौंडा-४

# मकवानपुरगढीको भ्रमण





**कृष्ण कुमार शाह**

हेटौंडा-४, कर्रामा रहेको श्री श्रमिक माध्यमिक विद्यालयबाट कक्षा ६ देखि ९ सम्मका विद्यार्थीलाई गत शुक्रबार मकवानपुरगढीको क्षेत्र भ्रमण गराइएको थियो । विद्यालयले भ्रमणमा सहभागी हुन चाहने विद्यार्थीबाट प्रतिव्यक्ति २ सय ५० रुपैयाँ उठाएको थियो । करिब एक सय जना विद्यार्थी र ८ जना शिक्षकसहित २ वटा बसमा विहान १०:३० बजे हामी प्रस्थान गऱ्यौं । मकवानपुरगढी दरबार र त्योभन्दा माथि रहेको ढुंगेगढीको समेत हामीले स्थलगत अवलोकन भ्रमण गरेका थियौं ।

करिब एक घण्टाको बस यात्रापछि हामी मकवानपुरगढी पुग्यौं । मकवानपुरगढी पुगिसकेपछि त्यहाँ हामीले पृथ्वीनारायण शाहको बारेमाा धेरै कुराहरु थाहा पायौं । गढी दरबार क्षेत्रमा भएका धेरै कुराहरु प्रत्यक्ष अवलोकन गरेर जानकारी हासिल गर्ने मौका पायौं । मकवानपुरगढी दरबार हेटौंडाबाट करिब १६ किलोमिटर पूर्व कान्ति राजपथ सडकसँगै समुद्री सतहबाट १०१७ मिटर उचाइको पहाडी थुम्कोमा अवस्थित छ । सेन वंशका राजाहरुले १३ औं शताब्दीको सुरुतिर यहाँ शासन गर्न थालेको इतिहास पाइन्छ । सेन वंशका प्रतापी राजा मुकुन्द सेनकै नामबाट मुकुन्दपुर, माकन्दपुर, मुकुनपरको अप्रभंश हुँदै मकवानपुर नामाकरण भएको भन्ने जनविश्वास रहेको छ ।

सेन वंशका लेहाङ्ग सेनदेखि अन्तिम राजा दिग्बन्धन सेनसम्मका राजाहरुले करिब ३ सय वर्षसम्म यहाँको शासन चलाएका थिए । राजा तुला सेनको राज्यकालमा यो गढीको निर्माण गरिएको विश्वास गरिन्छ । मकवानपुरगढीको तीनवटा भाग रहेका छन् । ठूलोगढी, सानोगढी र ढुंगेगढी । ठूलोगढीमा दुईवटा दरबार, वंशगोपाल मन्दिर र पानी जम्मा गर्ने खाडल रहेका छन् । ठूलोगढीको करिब ३ सय मिटर दक्षिण-पश्चिममा सानोगढी र करिब २ किलोमिटर उत्तर पूर्वमा ढुंगेगढी रहेको छ ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरणको दौरान काठमाडौं उपत्यका विजय प्राप्त गर्न मकवानपुर राज्यको एकीकरण अत्यावश्यक ठानी वि.सं १८१९ भदौ ९ गते विहान आक्रमण गरी करिब ८ घण्टाको लडाईंपश्चात् मकवानपुगढीमा विजय प्राप्त गरेका थिए । तत्पश्चात् मकवानपुरगढीबाट पूर्वमा रहेको हरिहरपुरगढीमा गोर्खाली फौजले कब्जा गरेपश्चात् मकवानपुर राज्यको अन्त्य भएको थियो ।

मकवानपुर राज्यको पराजयपछि राजा दिग्बन्धन सेनको सहयोगार्थ गुरगिन खाँको नेतृत्वमा आएका करिब २ हजार ५ सय मुगल सेनाका फौजलाई गोर्खाली सेनाले वि.सं १८१९ माघ १० गते परास्त गरेका थिए । उक्त लडाईंमा मुगल फौजका करिब एक हजार ७ सय र गोर्खाली फौजतर्फ करिब ३० जनाको मृत्यु भएको थियो । उक्त युद्धमा करिब ५ सय बन्दुक र दुई थान तोपमात्र प्रयोग भएका थिए । उक्त लडाईंको सम्झनामा मकवानपुरगढी दरबारमा हरेक वर्ष माघ १० गते विजय उत्सव मनाउने गरिएको छ ।


ई.सं. १८१४ देखि १८१६ सम्म भएको नेपाल-अंग्रेज युद्धको समयमा अंग्रेज फौजले मकवानपुरगढीमा हमला गरेका थिए । सुगौली सन्धिमा हस्ताक्षर गर्न नेपाल पक्षबाट भएको ढिलाइका कारण पुनः अंग्रेजहरु असन्तुष्ट भई जनरल अक्टर लोनीको नेतृत्वमा दोस्रो पटक तराई हुँदै मकवानपुरगढीमा हमला गरेका थिए । तथापि गढीलाई कब्जा भने गर्न सकेका थिएनन् । मकवानपुरगढीले नेपाललाई स्वाधीन राष्ट्रको रुपमा विश्वसामु उभ्याउन महत्वपूर्ण भूमिका खेलेको छ ।

मकवानपुरगढीको बारेमा माथि उल्लेखित जानकारी प्राप्त गरेपछि मकवानपुरगढी क्षेत्रमै सबै जनाले खाजा खाएर ढुंगेगढीतिर हामी सबै जना गयौं । कान्ति राजपथहुँदै मकवानपुरगढीबाट करिब ४ किलोमिटर अगाडि पुगेपछि करिब २० मिनेट हिंडेर सबैजना ढुंगेगढी पुग्यौं । ढुंगेगढी जाने कच्ची मोटरबाटो भएकाले हामीहरु रमाइलो गर्दै गयौं । ढुंगेगढी नजिक पुगिसेकपछि हामीले जंगलमा फुलेको लालीगुराँसको फूल टिप्यौं । फूल टिपिसकेपछि हामी सबै जना ढुंगेगढी पुग्यौं । त्यहाँ एउटा थुम्को, निकै पुरानो मन्दिर र थुप्रै ढुंगाहरुको पहाड रहेछ । त्यस स्थानबाट वरपरको सुन्दर दृश्य देखिँदोरहेछ । केही समय त्यस क्षेत्रमा बसेर हामी कान्तिराजपथमा आएर बस चढी फर्क्यौं । फर्कंदा बाटोमा रहेको सालक पार्कको समेत अवलोकन गरेर चुच्चखोलामा खाजा खायौं । विद्यालयकै तर्फबाट हामीलाई खुवा, पाउरोटी र कोल्ड ड्रिंक्स खुवाइएको थियो ।

विद्यालयले आयोजना गरेको एक दिने मकवानपुरगढी क्षेत्रको अवलोकन भ्रमणबाट हामी विद्यार्थीले धेरै कुराहरु जान्ने र बुझ्ने मौका पायौं । सामाजिक अध्ययन विषयमा अध्ययन गरेको नेपाल एकीकरण अभियान र अन्य इतिहाससम्बन्धी पाठहरु बुझ्न यो भ्रमणले हामी विद्यार्थीलाई धेरै सहयोग पुगेको छ । हामीले यो भ्रमणपछि भ्रमण प्रतिवेदनसमेत तयार पारेर सामाजिक विषय शिक्षकलाई पेश गरेका छौं ।

*श्रमिक माध्यमिक विद्यालय, कक्षा ७*

## आखिर कहिलेसम्म त ?



**सन्ध्या बस्नेत**

घरबाट होस्टेल
उज्ज्वल भविष्यको साथ राखिदिए
तर, आमा मै माथि गिद्दे नगर लगाई
बलात्कार गरी झुण्ड्याई
मलाई मारी दिए

चुपचाप छ रे आमा यो सरकार
बोल्दैन रे केही
आमा, मेरो न्यायका लागि भए पनि
आवाज उठाइदेउ न है

कलिलै उमेरमा मारिदिए
आनमा ती पापीहरुले
मनमनै औंधी पोल्ने भयो
आमा तिमीले मेरा निम्ति
साँचेका ती सपनीहरुले ।

शरीर मरेर गए के भो त
आमा पीडित यो आत्माले
न्याय नपाउन्जेल न्याय खोजिरहने छ
नपारिदिएस् है निर्मला पन्तलाई झैं
फेरि पीडित आत्मालाई
शान्त पार्न निक्कै गाह्रो हुनेछ ।

आमा मसँग त यस्तो भइहाल्यो
बहिनीलाई चैं राखे है सचेत
फेरि ती पापीहरुले उसलाई पनि
पारिदेलान् मलाई झैं अचेत ।

*कक्षा-१०, सिद्धार्थ शिशु सदन मावि, हेटौंडा-५*

## बन्दी



**अनुजा थापा क्षेत्री**

आज म बोल्दै छु
बन्दी बनायो मलाई आज
त्यो कानुन र नियमले
दोषी ठहरायो मलाई आज
त्यो कानुन र नियमले

देशका लागि खेल्थैं
आज देशले खेल्यो मसँग
नाम चिनाउन मन थियो तर
चिनें मैले आज

देशको आँसु पुछ्न मन थियो तर
देशले रुवायो मलाई आज
खुसी थिएँ नेपाली हुँ भनेर तर
दुखी छु नेपाली खेलाडी हुँ भनेर

त्यसैले आज म बोल्दै छु
भन्न त मन छ कि अपराधी म होइन
तर सुन्छ कसले यहाँ ?
देख्छ कसले यहाँ ?

खोजेको पाइन सबै यहाँ
देखेको सत्य हुँदैन यहाँ
भोगेको पीडित बोल्दैन यहाँ
सुनेको कुरा बुझ्दैनन् यहाँ
त्यसैले त आज म बोल्दैछु ।
आँसु झार्न बाध्य बनायो मलाई
नबोली बस्न सिकायो आज मलाई
आफन्तको साथ छोड्न बाध्य बनायो मलाई ।

*कक्षा-११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट ।*

## बालबालिका



**शुभेक्क्षा तिमल्सिना**

साना-साना हातले लेखैं एउटा कविता
समयले कोल्टे पनि फेर्दैछ नि अब त ।

कयौं छन् है बालबालिका नेपाल यो देशमा
केही शिक्षित कोही छैनन् ध्यान दिउँ त्यसमा ।

नारा मात्रै लगाएर हुन्न अब हेर
सम्बन्धित निकायले लाउनुपऱ्यो टेर ।

बालविवाह, हत्या, हिंसा, बलात्कार भाछ
बुद्धिजीवी अग्रजको ध्यान कता गाछ ?

कुना काप्चा छरिएर बसेका छन् कोही
तिनका लागि न्याय पाउने ठाउँ कहाँ छ खोई ?

अझै पनि कति होलान् जोखिममा काम गर्ने
गरिबी कै कारणले भोकै मर्नु पर्ने ।


कर्णधार भविष्यका बालबालिका हामी
पढी लेखी ज्ञानी भई बन्छौ बुद्धिमानी ।

भविष्यलाई सफल पार्न धेरै पढ्नु पर्छ
सही मार्ग रोज्दै हामी अघि बढ्नुपर्छ ।

*कक्षा-६, चन्द्रोदय माध्यमिक विद्यालय*

**तपाईका साहित्यिक रचनाहरू समृद्ध समाज दैनिकमा प्रकाशन गर्ने ईच्छा भए**
sambridhasamaj@gmail.com
**समृद्ध समाज राष्ट्रिय दैनिक**

# भक्तराज आचार्यको जीवनी





**✍ सृष्टी यादव**

नेपाली गीत संगीतका धरोहर भक्तराज आचार्यको जन्म विक्रम सम्वत् १९९९ असोज १६ गते धनकुटा जिल्लामा भएको थियो । माता रेणुका आचार्य र पिता बलभद्र आचार्यका सन्तानको रूपमा जन्मनुभएका भक्तराज आचार्यको बाल्यकाल भारतको सुन्दर सहर दार्जिलिङमा बितेको थियो । नेपाली गीत संगीतको मोहमा परेर दार्जिलिङ तथा छिमेकी सहर सिक्किमबाट धेरै व्यक्तिहरू गीत गाउनकै लागि नेपाल छिरेपछि भक्तराज पनि त्यही सिलसिलामा नेपाल छिरेका थिए ।

विक्रम सम्वत २०३० सालमा रेडियो नेपालको आयोजनामा राष्ट्रिय गीत प्रतियोगिता आयोजना हुँदा भक्तराजले भाग लिएका थिए । अम्बर गुरुङको संगीतमा भक्तराजले त्यस प्रतियोगितामा गीत गीत गाएका थिए । राष्ट्रियस्तरको गीत प्रतियोगितामा प्रथम भएपछि त्यसै चरणबाट भक्तराजको नेपाली संगीतको यात्रा सुरु भएको थियो । भक्तराजले नेपाली गीत, संगीतको क्षेत्रमा ठूलो योगदान पुऱ्याउनुभएको छ । झन्डै ४०० भन्दा बढी गीत गाएर नेपाली संगीतको क्षेत्रलाई एउटा उचाइमा पुऱ्याउनु भएको छ । भक्तराज आचार्यले नेपाली भाषाका भजनहरू गाएर अध्यात्मको क्षेत्रमा पनि उत्तिकै योगदान दिनुभएको छ । यसरी उत्कृष्ट भजनहरू गाएबापत उहाँलाई भजन शिरोमणिको उपाधिले सम्मान गरिएको छ ।


भक्तराज आचार्यले २०४६ सालसम्म सक्रिय भएर नेपाली गीत संगीत र भजनमा आफूलाई समर्पित गर्दै आउनुभएको थियो । ४६ सालको ठूलो दुर्घटनामा परी जिब्रो गुमाउन पुगेपछि भने उहाँको सांगीतिक यात्राले विश्राम लिनुपरेको थियो । भक्तराज आचार्यका केही चर्चित गीत र भजनहरू यस प्रकार छन् । जहाँ छन् बुद्धका आँखा, मुटु जलिरहेछ, हजार सपनाहरूको माया लागेर आउँछ, न धन त्यागेर त्यागी हुन्छ, तनमन वचनले प्रभु नाम गाउ, लगायतका अन्य थुप्रै उत्कृष्ट गीतहरू जीवन्त भएर रहेका छन् ।

भक्तराजले जीवनमा थुप्रै सम्मानहरू प्राप्त गर्नुभएको छ । पद्मश्री सम्मान, राष्ट्रिय संगीत सम्बन्धी २०७५ राष्ट्रिय प्रतिभा पुरस्कार, लगायतका अन्य राष्ट्रिय सम्मानहरू रहेका छन् । २०४६ पछि अस्वस्थ अवस्था भएर बाँचिरहेका भक्तराज आचार्यको मृत्यु २०८० फागुन १४ गते सोमबारको दिन काठमाडौंमा भयो ।

उहाँको भौतिक शरीरको अन्त्य भएपनि आत्माबाट निस्किएका उहाँका अमर संगीतहरू गीतहरू नेपाली संगीतको जगतमा गुन्जिई रहनेछन् । साथै उहाँका दुई पुत्र रत्न सत्यराज र स्वरूपराज आचार्य नेपाली संगीतको क्षेत्रमा सक्रिय भएर रहेका छन् ।

*कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# पुस्तकालयको महत्व



**✍ आरती नेपाल**



पुस्तकहरु समेटेर एउटा कोठामा सजाएर पढ्नका निम्ति बनाइएको कक्षालाई पुस्तकालय भनिन्छ । हामी सबैले पुस्तक पढी ज्ञान आर्जन गर्नु पर्छ । पुस्तकालय विद्यालयमा पनि हुने गर्छ । पुस्तक एउटा विद्यार्थीले मात्र नभई ठुला र वृद्धहरुले पनि पढ्नु पर्छ ।

पुस्तक पढेर हामीले हाम्रो दिमागी क्षमता बलियो गर्न सक्छौं । साथै यसले सामाजिक तथा नैतिक कार्यहरूमा पनि सहयोग पुऱ्याउँछ । अहिलेको समयमा अहिलेको समयमा धेरै जस्तो विद्यार्थीहरु किताब पढ्न छाडेर मोबाइल र टेलिभिजनको प्रयोग गर्न धेरै रुचाउँछन् । जसको कारण धेरै विद्यार्थीले पुस्तकको महत्व बिर्सिन पुगेका छन् । त्यसैले विद्यालयमा पुस्तकालयको स्थापित गरिएको हो । विद्यालयको प्रत्येक बालबालिकाहरुलाई किताब पढ्न लगाईन्छ ।

विद्यार्थीहरुलाई तोकिएको विषयको किताब मात्र नभई अन्य ज्ञान प्राप्ति हुने किताबहरु जस्तैः- कथा, साहित्य, तथ्य, कविता आदि पनि पढ्न लगाइन्छ । साथै हाम्रो समाजमा पनि पुस्तकालयको निर्माण भइसकेको छ । धेरै जस्तो मानिसहरु त्यहाँ आफ्नो खाली समयमा जाने गर्छन् । पुस्तकालयको केही नियमहरू पनि हुन्छन्, जसको हामी सबैले पालना गर्नु पर्छ । किताबहरु पढिसकेपछि त्यसको स्थानमा राख्नु पर्छ । पुस्तकालयमा उच्च स्वरले बोल्नु हुँदैन । किताबहरु छरपस्ट र केरमेर गर्नु हुँदैन, आदि यसमा पर्दछन् ।

पुस्तकालयको महत्व बारेमा धेरै जस्तो मानिसहरु अपरिचित छन् । त्यस कारण नेपालमा पुस्तकालयको महत्वमा निर्माण गर्ने विद्यार्थीहरुको ठूलो जोड दिन हामी जस्ता भविष्य निर्माण गर्ने विद्यार्थीको ठूलो भूमिका हुन्छ । हुन त पुस्तकालय धेरै अघिको समयदेखि नै स्थापित भएको थियो । तर राणा शासनको पालामा सबै देशका जनताहरुले पढ्न पाउँदैनथे । उदाहरणका लागि महान् साहित्यकार महाकवि लक्ष्मी प्रसाद देवकोटा, भानुभक्त आचार्य आदिले राणा शासनकालमा पनि निकै कष्ठ भोगी आफ्नो नाम देशभरि कमाउन सक्षम भएका थिए । उनीहरुको रचनाको किताबहरू अहिले पनि पुस्तकालयमा पाउँछन् ।

अहिले त हामी सबैलाई पुस्तकालयमा गएर पुस्तक पढ्ने सम्पूर्ण अधिकार छ । हामीले हाम्रो खाली समयमा मोबाइल र टिभी हेर्न छाडेर पुस्तकालयमा गई केही दुई शब्द मात्र पढ्यौ भने पनि हाम्रो भविष्यमा ठूलो परिवर्तन ल्याउनेछ । मेरो विचारमा पुस्तकले हाम्रो जीवनमा सकारात्मकता उर्जा, खुसी र आफ्नो आत्मबल बढाउन मद्दत गर्छ । त्यसैले हामीले यो आफ्नो खाली समयमा पुस्तकालयमा गई ज्ञान आर्जन गर्नुपर्छ ।

*कक्षा-९, सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी, हेटौंडा-१०*

# जीवन



**✍ ग्रीष्मा खतिवडा**

छुनु हुन्न तिनीहरुले, धर्म... हुन्छ रे
छुनु हुन्न पूजाको सामग्री पापनै लाग्छ रे

किन हुँदो रहेछ यो भेद्भाव बुझाइदेउ कसैले
तल्लो जात भनेर छुट्टाई दिन्छन् सबैले

बुझ्यौ नै होला गर्दैछु कसको कुरा
भगवान्ले बनाइदिएको कर्म हो बुझिदेउ पीडा

सबै जना एउटै हो भेद्भाव नगरौं है
तल्लो र माथ्लो जात नछुट्टाई बसौं है

कति दुखित छ उनीहरुको जीवन
देख्न पाएनन् कहिले उज्यालोको किरण
भगवान्ले राखेनन् कसै बीच रिस-रागको भाव
हामी चाहिँ किन गर्दैछौं भेदभाव

चिन्छन् सबैले नेपाललाई
धर्म र जातको आधारमा
बर्बाद गऱ्यौं हामीले छुट्याई
तल्लो जात राखी मनमा

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

# सम्झौता



**✍ ओशिका सुवेदी**

आफ्नो मनको बाटोमा सम्झौता गरौं
प्रतिबद्धताको मध्यमा, रातो फूल फैलाऔं

सपनाहरु बनाउँछन् साथीहरु आफ्नो
मनको ढुकढुकीमा सबैले जीवन बिताऔं

चराको मनको सुन्दरता परम्पराको
समर्थनमा आफ्नो भाग्य बनाऔं

सम्झौता नै एक शक्ति, एक साहस
एक अर्काको ज्ञान मिली बाढौं साथमा

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

# मेरो देश



**✍ रोशिका भट्टराई**

सबैजना मिलीजुली बसेका देशमा
कर्मवीर भएर काम गर्छन् देशमा
कुनै कुनै साहित्यकार कुनै छन् कवि
हाम्रो देश विविधता कति राम्रो संस्कृति ॥

शिर छुन्छौ, पाउ छुन्छौ देशको हितका लागि
बिहान पढ्छौ, बेलुका पढ्छौ काम लाग्ने गरी
ज्ञानको ज्योति बालेर अन्धकार हटाऊ
अब हामी जुटेर देश विकास गरौं ॥

भ्रष्टाचारलाई शोषण गर्न अब नदिऊ
विदेश होइन स्वदेश भनी देश अघि बढाउँ
असल नागरिक बनेर राज्य रक्षा गरौं
सबै जना मिलीजुली देशको माया गरौं ॥

*कक्षा-१०, अमर मावि, हेटौंडा-१*


## मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी

**हकदावी सम्बन्धी ३५ (पैंतिस)दिने सार्वजनिक सूचना**

निवेदकः विसुलाल गमाल जग्गाधनीः हरि बहादुर गमाल

जिल्ला मकवानपुर साविक चितलाङ गा.वि.स. वडा नं. ९ हालः थाहा न.पा. १० बस्ने हरि बहादुर गमालको छोरा विसुलाल गमालको माग निवेदन फिल्डबुक कैफियत व्यहोरा बमोजिम यो जग्गा पं. चितलाङ वार्ड ९ बस्ने हरि बहादुर गमालको हो भनी प्रमाणित गर्ने वा.स. उल्लेख भएको हरि बहादुर गमालको मिति २०६०।०५।१५ मा मृत्यु भएको र निजको हकदार एकमात्र श्रीमती पाग्ली गमालको मिति २०५८।०५।१२ मा मृत्यु भएको निजहरुको हकदार एकमात्र छोरा विसुलाल गमाल भएकाले मेरो बाबुको नाममा कायम रहेको फिल्डवुक अनुसार चितलाङ गा.वि.स वडा नं ९ को कि.नं. ६०५ ज.रो ०-७-१-२ जग्गाको पुर्जा प्राप्त नभएकाले हकदार छोरा विसुलाल गमालको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उक्त कित्ता जग्गामा माथी उल्लेखित हकदार बाहेक अरु कसैको हक लाग्ने भए वा जग्गादर्ता तथा नामसारी हुनुनपर्ने अन्य कूनै कारण भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ (पैंतीस)दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यघा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता तथा नामसारी भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

## मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी

**हकदावी सम्बन्धी ३५ (पैंतिस)दिने सार्वजनिक सूचना**

निवेदकः सन्जय कुमार घर्ति मगर जग्गाधनीः नैन सिं घर्ति

जिल्ला मकवानपुर साविक चितलाङ गा.वि.स. वडा नं. ९ हालः थाहा न.पा. १० बस्ने नैन सिं घर्ति भन्ने नेपे घर्तिको नाती कृष्ण वहादुर घर्ति मगरको छोरा सन्जय कुमार घर्ति मगरको माग निवेदन, फिल्डबुक कैफियत व्यहोरा बमोजिम यो वारी खड्ग बहादुर घर्तिको नम्बरी हो निजको परलोक हुँदा हकखाने भतिजो नैनसिङ हो भनी प्रमाणित गर्ने वा.स., जग्गावालाको नामथर वतन व्यहोरामा ०३०-१-२५ मौ. कि. र.नं. १९ नैन सिं घर्ति प. चितलाङ वा.न. ९ बाबु सेते बाजे सन्तु उल्लेख भएको, नैन सिं घर्ति भन्ने नेपे घर्तिको मिति २०५०।०६।११ मा मृत्यु भएको निजको एकमात्र हकदार श्रीमती सानी घर्तीको मिति २०५३।१२।२४ मा मृत्यु भएको । निजहरुको सम्बन्धबाट चार जना हकदार छोराहरु गोपी घर्ति मगर, राम बहादुर घर्ति मगर, इश्वर बहादुर थापा मगर र कृष्ण बहादुर घर्ति मगर भएकोमा कृष्ण बहादुर घर्ति मगरको मिति २०७९।०९।०७ मा मृत्यु भइसकेको निजको एकमात्र हकदार श्रीमती मिनुमाया घर्ति मगरको मिति २०७५।०९।०८ मा मृत्यु भएको, निजहरुको सम्बन्धबाट तिन छोराहरु सुरेश मगर, चन्दन मगर, सन्जय कुमार घर्ति मगर भएकोले नैन सिं घर्ति भन्ने नेपे घर्तिको नाममा फिल्डबुक कायम रहेको चितलाङ वडा नं ९ को कि.नं. १३८ ज.रो. ०-६-३-० जग्गाको पुर्जा प्राप्त नभएकाले नैन सिं घर्ति भन्ने नेपे घर्तिको नामबाट सन्जय कुमार घर्ति मगरको नाममा छुट जग्गा दर्तों तथा नामसारी गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उल्लेखित कित्ता जग्गामा माथी उल्लेखित हकदारहरु बाहेक अरु कसैको हक लाग्ने भए वा छ्लुट जग्गा दर्ता तथा नामसारी हुनुनपर्ने अन्य कुनै कारण भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ (पैंतीस)दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यथा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता तथा नामसारी भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।






**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।**

डढेँलोबाट वन जोगाऔँ–अमूल्य वन सम्पदाको संरक्षण गरौं ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

### प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न

# एथ्लेटिक्समा ८ पदकसहित मकवानपुर तृतीय



प्रदेशस्तरीय राष्ट्रपती रनिङ शिल्डमा दौडतर्फ तृतीय हुने मकवानपुरको टिम

समाज संवाददाता

हेटौंडाः १४ औं संस्करणको बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको एथ्लेटिक्सतर्फ मकवानपुरले ८ वटा पदक प्राप्त गर्दै तृतीय भएको छ। मंगलबार चितवन जिल्लाको चित्रवन रंगशालामा भएको प्रतियोगितामा ३ वटा स्वर्ण, ३ वटा रजत र २ वटा कास्य पदक प्राप्त गर्दै मकवानपुर प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड छनोट प्रतियोगितामा तृतीय हुन सफल भएको एथ्लेटिक्सका टिम कोच रञ्जिता फुयाँलले जानकारी दिनुभएको हो।

मकवानपुरबाट १ सय मिटर दौडमा जिकेश सापकोटाले स्वर्ण, २ सय मिटर दौडमा रजत र ४ सय मिटर रिले दौडमा कास्य पदक जित्न सफल भएका छन्। यस्तै, मकवानपुरकी दीना गोपालीले १ सय मिटर दौडमा कास्य, २ सय मिटर दौडमा स्वर्ण र ४ सय मिटर दौडमा रजत पदक र ४ सय मिटरको रिले दौडमा कास्य पदक प्राप्त गरेकी छिन्। यस्तै, सुविनले लङ जम्पमा स्वर्ण पदक प्राप्त गरेका छन्। एथ्लेटिक्सतर्फका खेलाडीहरुको प्रतिनिधित्व गर्न टिम कोचको रुपमा रञ्जिता फुयाँल, सन्ध्या श्रेष्ठ, सन्देश तमाङ र डेबीट मिजार जानुभएको थियो।

गतवर्ष एथ्लेटिक्सतर्फको प्रतियोगितामा मकवानपुरले ६ वटा स्वर्ण पदक प्राप्त गर्न सफल भएको थियो। चित्रवन रंगशालाको मैदानको संरचना व्यवस्थित नभएका कारण मकवानपुरको पदकमा असर पुगेको सहभागीको भनाइ छ। एक सय मिटर दौड प्रतियोगिताको क्रममा मैदानमा ढुंगा, गिटी जथाभावी फैलिएका कारण मकवानपुरकी गोपाली लडेर तेस्रो हुनुपरेकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो। यस्ता प्रकारका कमी कमजोरीले खेलाडीहरुको खेल जीवनमा नकारात्मक असर पर्ने उल्लेख गनुर्हुँदै उहाँले मैदानको संरचनालाई ध्यान नदिएर प्रतियोगिता गराएको बताउनुभयो। मैदान व्यवस्थित नभएका कारण कति खेलाडीहरुले आपत्ति जनाएको उहाँले बताउनुभयो।

### कराँतेमा मकवानपुरलाई ६ वटा कास्य पदक

प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताअन्तर्गत् कराँतेमा मकवानपुर जिल्लाले ६ वटा पदक प्राप्त गरेको छ। चितवनको भरतपुर नगरपालिका-१० को कभर्ड हलमा सोमबार र मंगलबार सञ्चालन भएको प्रतियोगितामा सहभागी १२ खेलाडीमध्ये ६ जना खेलाडीले कास्य पदक प्राप्त गर्न सफल भएको टिम कोच रसिक श्रेष्ठले जानकारी दिनुभएको छ। मकवानपुरको प्रतिनिधित्व गर्ने ५२ केजी तौल समूहबाट राज भोलन, ५७ केजी तौल समूहबाट सनराज पाखिन, ६२ केजी तौल समूहबाट एस नेपाल, ४२ केजी तौल समूहबाट अरुण गमाल र ६० केजी तौल समूहबाट सुशीला श्रेष्ठले पदक प्राप्त गरेको उहाँले बताउनुभयो।

बाहिरी जिल्लामा भएको प्रतियोगितामा मकवानपुरे रेफ्रीको अभाव भएका कारणले पनि कास्य पदकमा चित्त बुझाउनुपरेको उहाँले बताउनुभयो। नियमित प्रशिक्षण भएको अवस्थामा पनि खेलाडीहरुको उपस्थिति समयमा नभएका कारण मकवानपुरले कम पदक प्राप्त गरेको टिम कोच श्रेष्ठको भनाइ छ। कराँतेबाट प्रदेशस्तरीय प्रतियोगितामा मकवानपुरका खेलाडीले अनुभव हासिल गरेको बताउँदै ६ वटा पदक प्राप्त गरेकोमा उहाँले खुशी व्यक्त गनुभयो। पहिलो पटक सहभागी भएका खेलाडीहरुले पनि पदक प्राप्त गरेको उहाँको भनाइ छ।

### तेक्वान्दोतर्फ मकवानपुरकी नेगीलाई स्वर्ण

तेक्वान्दोतर्फको प्रतियोगितामा मकवानपुर जिल्लाकी समीक्षा नेगीले स्वर्ण पदक प्राप्त गर्न सफल भएकी छिन्। मंगलबार चितवनको कभर्ड हलमा सम्पन्न भएको खेलमा हेटौंडा-१४, मयूरधापकी नेगी प्रथम तथा प्रतियोगिताको सर्वोकृष्ट खेलाडी बन्न सफल भएकी हुन्।

मकवानपुरबाट सहभागी १२ जनामध्ये नेगीले मात्र पदक प्राप्त गर्न सफल भएको टिम कोच बिमल विकले जानकारी दिनुभएको छ। १३ औं संस्करणको प्रदेशस्तरीय प्रतियोगितामा २ वटा रजत र एउटा कास्य गरी ३ वटा पदक प्राप्त गर्न सफल भएको मकवानपुरले यो वर्ष एउटा स्वर्णमात्र प्राप्त गर्न सफल भएको बिकले जानकारी दिनुभयो।

यस वर्षको प्रतियोगितामा मकवानपुरबाट तेक्वान्दोतर्फ सबै नयाँ खेलाडीहरु सहभागी भएका कारणले मकवानपुरले एउटा स्वर्णमात्र जितेको उहाँको भनाइ छ। प्रदेशस्तरीय प्रतियोगितामा सहभागी भएका खेलाडीहरुले सेन्सरमा पीएचडी सिस्टमको प्रतियोगितामा पहिलो पटक खेलेकाले पनि ११ वटा पदक गुमाउनुपरेको उहाँले बताउनुभयो।

### उसुमा २ वटा पदक

प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताअन्तर्गत् उसु प्रतियोगितामा मकवानपुरका २ जना खेलाडीहरुले रजत पदक प्राप्त गरेका छन्। मंगलबार काठमाडौंको त्रिपुरेश्वर रंगशालामा सम्पन्न भएको खेलमा ४२ केजीतर्फ संगम मोक्तान र ४२ केजीमा छात्रा खेलाडीले रजत पदक प्राप्त गर्न सफल भएका हुन्। प्रतियोगितामा मकवानपुरबाट १२ जना खेलाडीहरु सहभागी भएको मकवानपुर जिल्ला उसु संघका सचिव विश्वनाथ पाठकले बताउनुभयो।

प्रतियोगितामा मकवानपुरबाट नयाँ खेलाडी पनि सहभागी भएको तथा अनुभवको कमी भएकोले नजिता कम आएको उहाँले बताउनुभयो। प्रतियोगितामा थाउनु र सान्सो विधामा प्रतिस्पर्धा भएको थियो। प्रतियोगितामा १० वटा जिल्लाका खेलाडीहरु सहभागी भएका थिए। खेलाडीहरुको प्रतिनिधित्व गर्न टिमकोच विमल थापा मगर, निर्णायकको रुपमा विश्वनाथ पाठक र टिम म्यानेजरको रुपमा हरि बर्तौला जानुभएको थियो

### भलिबलमा महिला र पुरुष दुबैतर्फको काठमाडौंलाई उपाधि

चितवनः १४ औं संस्करणको बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा भलिबलको उपाधि महिला र पुरुषतर्फ काठमाडौंले जितेको छ। मंगलबार चितवनको भरतपुर महानगरपालिका वडा-१० को चौरमा सम्पन्न भएको फाइनल खेलमा महिलातर्फ काठमाडौंले दोलखालाई र पुरुषतर्फ काठमाडौंले सिन्धुलीलाई २-० को सोझो सेटले हराउँदै उपाधि जितेको हो।

काठमाडौंले दोलखालाई २५-११ र २५-१९ र पुरुषतर्फ काठमाडौंले सिन्धुलीलाई २५-२० र २६-२५ ले पराजित गरेको हो। तेस्रो स्थानका लागि भएको प्रतिस्पर्धात्मक प्रतियोगितामा पुरुषतर्फ चितवनले नुवाकोटलाई २-० को सोझो सेटले पराजित गऱ्यो। नुवाकोटलाई चितवनले क्रमशः २५-१९ र २५-२२ ले पराजित गरेको हो। महिलातर्फ भएको तेस्रो स्थानको खेलमा रामेछापले चितवनलाई २-० को सोझो सेटले पराजित गरेको हो।

### कबड्डीको उपाधि काभ्रे र काठमाडौंलाई

चितवनको भरतपुर महानगर पालिका-१० को चौरमा मंगलबार सम्पन्न भएको कबड्डी तर्फको फाइनल खेलको उपाधि महिलामा काभ्रे जिल्लाले र पुरुषतर्फ काठमाडौं महानगरपालिकाले जितेको छ। महिलामा काठमाडौंले काभ्रेलाई र काभ्रेले काठमाडौंलाई हराउँदै उपाधि जितेको हो। पुरुषतर्फको कबड्डीमा धादिङलाई ४१-४० अंकले हराउँदै काभ्रे फाइनलमा प्रवेश गरेको थियो भने काठमाडौंले भक्तपुरलाई ३६-१९ अंकले हराउँदै फाइनलमा प्रवेश गरेको थियो।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेहरुले क्रमशः स्वर्ण, रजत र कास्य पदकसहित प्रमाणपत्र प्राप्त गरेका छन्। प्रदेशस्तरीय प्रतियोगिताबाट छनोट हुने खेलाडीहरुले राष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी जनाउन पाउनेछन्। प्रतियोगितामा मकवानपुर जिल्लाबाट करिब ९८ जना खेलाडीहरु सहभागिता रहेको थियो। प्रदेशस्तरीय प्रतियोगिताबाट छनोट भएका खेलाडीहरु राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी जनाउन पाउनेछन्।

### हेटौंडा भेट्रान्स कप फुटबल प्रतियोगिता सुरु

# मंगलबार ५ खेल सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा भेट्रान्स क्लबको आयोजनामा मंगलबारदेखि नवौं राष्ट्रिय हेटौंडा भेट्रान्स कप ८ ए साइड फुटबल प्रतियोगिता सुरु भएको छ। प्रतियोगिताको मंगलबार हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँले उद्घाटन गर्नुभएको हो।

४५ वर्ष उमेर समूहमाथिका खेलाडी प्रतियोगितामा मंगलबार पाँच खेल सम्पन्न भएको छ। मंगलबारको पहिलो खेलमा नागस्वती भेट्रान्स विजयी भएको छ। हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा भएको उद्घाटन खेलमा बौद्ध भेट्रान्स काठमाडौंलाई ५-१ गोल अन्तरले पराजित गर्दै नागस्वती भेट्रान्सले विजयी सुरुवात गरेको हो।

नागस्तीको तर्फबाट खेलको १६ औं मिनेटमा भुसेन लिम्बुले, २० औं मिनेटमा प्रकाश रानाले, दोश्रो हाफको २९ र ३२ औं मिनेटमा निमा लामाले दुई गोल र ३८ औं मिनेटमा रोहित खत्रीले गोल गरे। खेलको म्यान अफ द म्याच नागस्वतीका लामा घोषित भए। बौद्धका लागि खेलको ४४ औं मिनेटमा सञ्जु लामाले एक गोल गरे।

मंगलबारको दोश्रो खेलमा बानेश्वर फ्रेन्डसीप भेट्रान्सले अभिषेक चर्चलाई ३-० गोलअन्तरले हराउँदै विजयी सुरुवात गरेको छ। फ्रेन्डसीपका लागि खेलको तेस्रो मिनेटमा शशी गौतम, दोश्रो हाफको ४१ औं मिनेटमा प्रविन केसी र ४८ औं मिनेटमा महेन्द्र खवासले गोल गरे। खेलको म्यान अफ द म्याच खवास घोषित भए।

तेश्रो खेलमा पशुपति भेट्रान्स विजयी भएको छ। थारु भेट्रान्सलाई २-० गोलले पराजित गर्दै पशुपतिले विजयी सुरुवात गरेको हो। पशुपतिको जीतमा सुबोध ढुंगेल र टीकाराज उप्रेतीले एक-एक गोल गरे। खेलको म्यान अफ द म्याच पशुपतिका ढुंगेल घोषित भए।

यस्तै, चौथो खेलमा चितवन भेट्रान्स विजयी भएको छ। सिमरा भेट्रान्सलाई ३-१ गोल अन्तरमा पराजित गर्दै चितवन विजयी भएको हो। चितवनको जीतमा खेलको २३ औं मिनेटमा रवीन्द्र श्रेष्ठले, ३० औं मिनेटमा मनोज लामाले र ४५ औं मिनेटमा सुरेन्द्र चौधरीले गोल गरेका थिए भने सिमरा भेट्रान्सका तर्फबाट खेलको ३३ औं मिनेटमा सूर्यमान तामाङले एक गरेका थिए। खेलको म्यान अफ द म्याच चितवनका श्रेष्ठ घोषित भए।

पाँचौं तथा मंगलबारको अन्तिम खेलमा हेटौंडा भेट्रान्स बी विजयी भएको छ। हेटौंडाले नवजागृति क्लबलाई पराजित गरेको थियो। खेलको ३० औं मिनेटमा हेटौंडाका सञ्जय थापाले गरेको एकमात्र गोल निर्णायक बनेको थियो। खेलमा थापा म्यान अफ द म्याच घोषित भए। प्रतियोगिताको विजेताले १ लाख ११ हजार एकसय ११ रुपैयाँ, उपविजेताले ५५ हजार पाँच सय ५५ रुपैयाँ प्राप्त गर्ने क्लबका कार्यबाहक अध्यक्ष नवराज बज्राचार्यले बताउनुभयो।

## स्लो स्कुटीमा अर्चना प्रथम

समाज संवाददाता

हेटौंडाः अखिल नेपाल महिला संघ (अनेमसंघ) जिल्ला कमिटी मकवानपुरको आयोजना तथा अनेमसंघ हेटौंडा उपमहानगरपालिका कमिटीको संयोजनमा स्लो स्कुटी प्रतियोगिता भएको छ। मंगलबार भएको प्रतियोगितामा हेटौंडा-८ की अर्चना कार्की प्रथम, हेटौंडा-१ की गीता राना द्वितीय, हेटौंडा-१ कै मेनुका लोप्चन तृतीय भएका छन्।

उपमहानगर कमिटी अध्यक्ष रञ्जिता सिलवालको अध्यक्षता तथा अनेमसंघ केन्द्रीय स्थायी कमिटी सदस्य तथा मकवानपुर इन्चार्ज पदमा पौडेलको प्रमुख आतिथ्यमा भएको प्रतियोगितामा ३३ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा नेकपा एमाले केन्द्रीय कमिटी सदस्य जुनेली श्रेष्ठ, अनेमसंघ केन्द्रिय कमिटी सदस्य पार्वती राना, नेकपा एमाले बागमती प्रदेश कमिटी सदस्य भगवती पुडासैनी, अनेमसंघ प्रदेश कमिटी सचिवालय सदस्य सीता बिष्ट, अनेमसंघ जिल्ला कमिटी अध्यक्ष सुमित्रा काफ्लेको पनि आतिथ्य रहेको थियो। अनेमसंघले ११४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा सोमबार रक्तदान कार्यक्रम आयोजना गरेको थियो।

## स्काउटको हेटौंडा आयुक्तमा आचार्य

समाज संवाददाता

हेटौंडाः नेपाल स्काउट हेटौंडा उपमहानगरपालिकाको स्थानीय आयुक्तमा अनिल आचार्य मनोनित भएका छन्। नेपाल स्काउट बागमती प्रदेशका प्रमुख आयुक्त शिब कुमार त्वायनाले आचार्यलाई ११ फागुनमा हेटौंडाको स्काउट आयुक्त मनोनित गरेका हुन्।

गत २२ माघमा सर्वसम्मत स्थानीय स्काउट परिषद् निर्वाचित भए पनि स्थानीय आयुक्त मनोनित हुन सकेको थिएन। स्काउटको नियमावलीमा स्थानीय स्काउट संरक्षक एवम् पालिका प्रमुखले स्थानीय स्काउट परिषद् सदस्यहरुमध्ये एक जनालाई स्थानीय आयुक्त मनोनित गर्ने व्यवस्था छ। स्थानीय पालिकाबाट मनोनित हुन नसकेमा प्रदेश स्काउट कार्यालयले मनोनित गर्ने व्यवस्थाबमोजिम स्थानीय परिषद् बैठकको सिफारिस अनुसार आचार्यलाई स्थानीय आयुक्त मनोनित गरिएको प्रदेश प्रमुख आयुक्त त्वायनाले जनाएका छन्।

# मलङ्गवामा बुढ्यौली साहित्य

समाज संवाददाता

हेटौंडाः बुढ्यौली साहित्य समाज रौतहट–सर्लाहीको आयोजनामा शनिबार सर्लाही जिल्लाको सदरमुकाम मलङ्गवामा कार्यक्रमको छैठौं शृङ्खला सम्पन्न भएको छ। मधेश प्रदेशको धनुषा, महोत्तरी, सर्लाही, रौतहट जिल्लाका तथा भारतका साहित्यकार सम्मिलित सो कार्यक्रममा अजयकुमार झा, कुमार दाहाल कुसुम, मीना देवकोटा, राजेश्वरी काफ्ले, शैलिया देवी ठाकुर, महात्मा भूपानन्द, बख्तियार अली, महेश्वर पाण्डे, नथुनी महतो, शिवचन्द्र चौधरी, नागेन्द्र झा, डा.अब्दुल रहिम मिकरानी, मोहम्मद कमरुद्दिन नदाम र राजेन्द्र ठाकुरले आआफ्ना कविता, गीत, गजल, लघुकथा जस्ता लघुआयामका रचना सुनाउनुभएको थियो।

सोही कार्यक्रममा जिल्ला समन्वय समिति (जिसस) सर्लाहीका प्रमुख कौशलकिशोर सिंह, उपप्रमुख जितेन्द्र कुशवाहा तथा साहित्यप्रेमी उग्रकान्त झा, मुकेश मिश्र, रामनिवास साह, डा. रामवृक्ष महतोलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो। बुढ्यौली साहित्य समाज मधेश प्रदेश सदस्य रामचन्द्र कुशवाहको संयोजकत्वमा भएको सो कार्यक्रममा साहित्यकार रमेशमोहन अधिकारी, जिसस प्रमुख कौशलकिशोर सिंह, उपप्रमुख जितेन्द्र कुशवाह तथा साहित्यकार लम्बोदर काफ्ले र नथुनी सहनीलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो भने कार्यक्रमका सम्पूर्ण सहभागीहरूलाई गम्छा पहिऱ्याएर स्वागत गरिएको थियो। बुढ्यौली साहित्य समाज रौतहट–सर्लाहीका अध्यक्ष लम्बोदर काफ्लेको अध्यक्षता तथा साहित्यकार रमेशमोहन अधिकारीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो।

# हेटौँडा अस्पतालमा १२८ वटा बेड निःशुल्क




आरजु सत्याल

हेटौंडाः हेटौंडा अस्पतालको सर्जरी वार्ड, जनरल वार्ड, बालस्वास्थ्य वार्ड र प्रसुती वार्डमा गरी कुल १ सय २८ वटा बेड सेवाग्राहीलाई निःशूल्करुपमा उपलब्ध गराइँदै आएको छ। बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले सामान्य बेड निशूल्क गर्ने निर्णय गरेको छ। अस्पतालको सर्जरी वार्डमा ३० वटा बेड छ भने जनरल वार्डमा २८ वटा, बालस्वास्थ्य वार्डमा ३० वटा र प्रसुती वार्डमा ४० वटा बेड निशूल्क उपलब्ध गराइँदै आएको छ।

बागमती प्रदेश सरकारको स्वामित्वमा रहेको १३ वटा अस्पतालमा गत भदौ १ गतेदेखि सामान्य बेडहरु निःशुल्क गरिएको थियो। बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले साउन २२ गते निर्णय गरेर अस्पतालहरुमा सामान्य बेडहरु सेवाग्राहीलाई निःशुल्क उपलब्ध गराउन परिपत्र गरेको थियो। सोमबार हेटौंडा अस्पतालको जनरल र सर्जरी वार्डको निःशुल्क बेडबाट ३२ जना सेवाग्राहीले सेवा प्राप्त गरिरहेका छन्। सोमबार सर्जरी वार्डबाट १२ जना बिरामीले सेवा लिइरहेका सर्जरी वार्डकी नर्सिङ इन्चार्ज सबिना रेग्मीले जानकारी दिनुभयो। सोमबार वार्डबाट ६ जना बिरामी डिस्चार्ज भएका छन् भने ५ जना बिरामी शल्यक्रिया बिभागमा छन्। वार्डमा धेरै हर्निया र एपेन्डिक्सका बिरामी छन्। रेग्मीका अनुसार धेरै बिरामीहरुले शल्यक्रिया विभाग पनि निःशुल्क हुनु पर्ने गुनासो गर्ने गरेका छन्।

यस्तै, हेटौंडा अस्पतालको जनरल वार्डमा सोमबार २० जना बिरामीले सेवा लिइरहेका छन्। अस्पतालले सोमबार एक जनालाई भर्ना गरेको छ भने ६ जनालाई डिस्चार्ज गरेको जनरल वार्डकी इन्चार्ज सपना यादवले बताउनुभयो। यादवका अनुसार बेडहरु निःशुल्क भएर बिरामीहरुलाई सहुलियत भएको छ। अहिले पखाला, ज्वरो लगायत समस्याका बिरामीहरु छन्। बिरामीहरुले सहज रुपमा स्वास्थ्य सेवा पाउन्, आर्थिक कारणले उपचारबाट बञ्चित नहुन् भने उद्देश्यले स्वास्थ्य मन्त्रालयले यस्तो निर्णय लिएको थियो। यस अगाडि अस्पतालले साधारण बेडको दैनिक एक सय ५० रुपैयाँ शूल्क लिने गरेको थियो।

# जडीबुटी खेतीसम्बन्धी तालिम सुरु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१३ मा रहेको वनस्पति अनुसन्धान केन्द्र मकवानपुरमा जडीबुटी खेतीसम्बन्धी तालिम सुरु भएको छ। मंगलबारबाट सुरु भएको प्रशिक्षण तालिम २४ गते बिहीबारसम्म सञ्चालन हुनेछ।

तालिमको उद्घाटन मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईले विरुवामा पानी हालेर गर्नुभएको थियो। तालिमको सहजीकरण वनस्पति अनुसन्धान केन्द्र मकवानपुरका वरिष्ठ वैज्ञानिक अधिकृत रघुराम पराजुलीले गरि रहनुभएको छ। तालिममा मकवानपुरगढी गाउँपालिका, बकैया गाउँपालिका, मनहरी गाउँपालिका, थाहा नगरपालिका र हेटौंडा उपमहानगर पालिकाका १८ जनाको सहभागिता रहेको छ। तालिम बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म हुनेछ।

तालिममा मकवानुरमा रहेको वनस्पति तथा जडीबुटी, वनस्पति उद्यान, नेपालमा प्राथमिकतामा रहेको जडीबुटी आदिको बारेमा जानकारी दिइनेछ। यस्तै, वनस्पति स्रोतको कार्य क्षेत्रहरु, नेपालमा जडीबुटी र गैरकाष्ठ वन पैदावार आदि विषयमा प्रशिक्षण भएको थियो।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ